## प्रश्न नं. ६२

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत**

**फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.७४४२ देखि ७५६३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

निमेश तुलधरको जाहेरीले नेपाल सरकार

बिरुद्ध

### काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं. ३० बस्ने कमलाक्षी बस्ने उमेश शाक्य

मुद्दाः-ज्यान सम्वन्धी कसुर

१) का.जी. का.म.न.पा. वडा नं २९ पुतलीसडक बस्ने वीरेन्द्र श्रेष्ठलाई उमेश शाक्यले मिति २०७५।८।६ गते पूर्व रिसइवी लिई अनुहारमा एसीड खन्याई कुरूप बनाई उपचारको सिलसिलामा वीर अस्पतालमा उपचारको कममा सोही चोट पीडाको कारणबाट मृत्यु भएकोले मुलुकी अपराध संहिता २०७४को ज्यान सम्बन्धी कसुर बमोजिम हदैसम्म कारवाही तथा संजाय गरिपाऊँ भन्ने निमेश तुलाधरको जाहेरी दरखास्त ।

२) लाशको टाउकोमा कपाल नभई पूरै खौरिएको, मृतकको कन्चट तर्फ दुई इञ्ची लामो दाग भएको, टाउकोको भागमा १ इञ्च लामो घाउ भएको, बायाँ गालामा आँखामुनि छाला पूरै कालो भएको, छातीदेखि घाँटी चिउँडोसम्मको भाग पूरै छाला जली कालो भएको छातीको छाला जलेको र रगत आएको, तिघ्रामाथि पूरै छाला कालो भएको भन्ने लास प्रकृति मुचुल्का ।

३) मेरो सविता श्रेष्ठ सँग प्रेम सम्बन्ध भै विवाह प्रायः निश्चित् भै सविताको आमाबुवाले वीरेन्द्र श्रेष्ठ रसँग निजको विवाह पक्का गरी दिनु भएको कुरा थाहा पाई निज वीरेन्द्रलाई सम्झाई बुझाई गर्दा पनि निजले वास्ता नगरेको हुँदा निजलाई कर्तव्य गरी मार्ने योजना बनाई निजलाई सविताको बारेमा कुरा छ भनी बोलाई कोठामा लुकाई राखेको सुन, चाँदी बनाउन प्रयोग हुने तेजाब (एसीड) को शिशीले निजको अनुहारमा छ्यापी कुटपीट गरी तत्काल नमरी घाईते मात्र भई वीर अस्पतालमा उपचारको क्रममा चोट पीडाले मृत्यु भएको भन्ने समेत उमेश शाक्यको अनुसन्धानको क्रममा गरेको बयान ।

४) उमेश शाक्यले छ्यापेको एसीडको चोट पीडाले विरेन्द्र श्रेष्ठको मृत्यु भएको कुरामा विश्वास लाग्छ भन्ने समेत व्यहोराको लक्ष्मण वज्राचार्यसमेतको मौकाको कागज तथा घटना विवरण कागज

५) प्रतिवादी उमेश शाक्यले ज्यान मार्ने उद्देश्यले एसीड (तेजाब) खन्याएको र कुटपीट समेत गरेको सोही चोट पीडाबाट संवेदनशील अङ्गमा गम्भीर असर परी थला परी उपचारको क्रममा मृत्यु भएको हुँदा मुलुकी अपराध संहिता २०७४ को ज्यान सम्बन्धी कसुर सम्बन्धी परिच्देको दफा १७७ विपरीतको कसुर गरेकोमा सोही परिच्छेदको दफा १७९ बमोजिम सजाँय गरिपाऊँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

६) प्रतिवादी उमेश शाक्यले अदालतमा गरेको इन्कारी बयान ।

**प्रश्न नं. ६२**

७) काठमाडौँ जिल्ला अदालतको  को फैसला ।

८) उमेश शाक्य प्रतिवादी पुनरावेदनपत्र ।